# घरेलु पठन (READ AT HOME) परिवार गाइडसम्बन्धी शिक्षाकर्मीका लागि मार्गदर्शन:

तलको जानकारी शिक्षाकर्मीहरूका लागि तयार पारिएको हो। तपाईंले परिवारका लागि यो गाइड प्रिन्ट गर्दा, कृपया घरेलु पठन परिवार गाइड (पृष्ठ 2-21) मात्र समावेश गर्नुहोस्।

घरेलु पठन परिवार गाइडको लक्ष्य परिवारहरूलाई आफ्नो बच्चाको घरेलु पठन योजनामा संलग्न हुँदै गर्दा उनीहरूलाई सहयोग र प्रोत्साहन गर्नमा शिक्षाकर्मीहरूलाई टेवा पुऱ्याउने हो। यस गाइडले दक्ष पठनका लागि सबै बालबालिकाले के जान्नुपर्ने र गर्न सक्नुपर्ने हो भन्ने बारे उनीहरूको बुझाइलाई सुदृढ बनाउन जानकारी र साथै उनीहरूको बच्चालाई दक्ष पाठक बन्न मद्दत गर्ने क्रियाकलापहरू प्रदान गर्दछ। यो हासिल गर्न, घरेलु पठन परिवार गाइडमा निम्न कुराहरू समावेश छन्:

1. तिनको बच्चाको विश्वव्यापी स्क्रिनर र नैदानिक नतिजाहरू स्कुलका कर्मचारीहरूले पूरा गर्नुपर्ने;
2. उनीहरूका बच्चालाई कुन पठन क्षेत्र(हरू) को विकासमा थप मद्दत चाहिन्छ, सो क्षेत्र तोक्ने; र
3. पठन सीप विकासलाई टेवा प्रदान गर्न उनीहरूले आफ्नो बच्चासँग घरमै गर्न सक्ने सिकाइ अनुभवहरू।

त्यसपछिका परिचयात्मक पृष्ठहरूमा परिवारहरूलाई जानकारीमूलक पत्र र विद्यार्थीको मूल्याङ्कन डेटा सम्प्रेषण गर्नका लागि फारामहरू समावेश गर्दछ र विद्यार्थीले बेन्चमार्कमा नपुगेको कारणले जोखिममा रहेका पठन क्षेत्र(हरू) समावेश गरिएको छ।

त्यसपछि, गाइडमा अभिभावकलाई निम्न कुराहरूका बारेमा विस्तृत जानकारी प्रदान गर्दछ:

- सिनेट बिधेयक 9 (2022) मा व्यवस्था गरिएको सफलताका लागि पठन ऐन;
- पठन सुधार योजना;
- घरेलु पठन योजना; र
- अतिरिक्त सहायताका लागि साक्षरतासँग सम्बन्धित शब्दावलीहरूको सङ्ग्रह।

अन्तिम पृष्ठहरू सम्भवतः सबैभन्दा उपयोगी हुने छ किनभने तिनलाई पठनका पाँच आवश्यक घटकहरू (फोनेमिक जागरूकता, फोनिक्स, धाराप्रवाह पठन, शब्दावली र बोध) मा विभाजन गरिएको छ। खण्डहरू निम्नानुसार छन्:

- पठनका घटकहरूको परिवारमैत्री विवरण; र
- कक्षागत पठन विकासलाई सुदृढ बनाउन र टेवा प्रदान गर्न घरेलु सिकाइ अनुभवहरू।

घरेलु पठन योजनामा समावेश गरिएका क्रियाकलापहरूका लागि शिक्षाकर्मीको कुनै तयारी आवश्यक पर्दैन। यद्यपि, क्रियाकलापहरूको द्रुत समीक्षा र सिफारिस गरिएका अक्षर र शब्दहरूको समूहले विद्यार्थीहरूलाई घरमा नयाँ सिकाइमा संलग्न हुन आग्रह नगरिएको सुनिश्चित गर्न मद्दत गर्ने छ। शिक्षाकर्मीहरूले विद्यार्थीहरूलाई उनीहरूको आवश्यकताका आधारमा क्रियाकलापहरू सिफारिस गर्नुपर्दछ।

बेन्चमार्क हासिल गर्न नसक्ने जोखिममा रहेका विद्यार्थीका परिवारसँग घरेलु पठन योजना परिवार गाइड प्रतिलिपि गरेर आदानप्रदान गर्न प्रोत्साहन गरिन्छ। शिक्षकहरूले जोखिममा परेका विद्यार्थीसँग परिचयात्मक खण्ड र एकै चोटि पाँचै क्रियाकलाप खण्डहरू वा परिचयात्मक खण्ड र एक पटकमा एक वा बढी क्रियाकलाप खण्डहरू घर पठाउने निर्णय गर्न सक्छन्। जे गरे पनि, शिक्षकले आफ्नो विवेक प्रयोग गर्न सिफारिस गरिन्छ।

# घरेलु पठन योजना
# परिवार गाइड:

**आदरणीय अभिभावक तथा स्याहारकर्ताहरू,**

JCPS प्रशासक र ___________________________________________का शिक्षकहरूले तपाईंको भूमिकाको कदर गर्दछन् र तपाईंले आफ्नो बच्चाको शैक्षिक सफलतामा पार्ने प्रभावलाई मान्यता दिन्छन् । हामी विद्यालय र परिवारहरू बिचको बलियो साझेदारीको कदर गर्दछ ँ र बलियो साझेदारी स्पष्ट सञ्चार र सहायतामा निर्माण हुन्छ भन्ने स्वीकार गर्दछ ँ । यो घरेलु पठन योजना परिवार गाइड यी मान्यताहरूमा तयार गरिएको हो र तपाईंको बच्चाको पठन सुधार योजनालाई टेवा पुर्‍याउँछ । यसपछिका पृष्ठहरूमा निम्न जानकारी समावेश गरिएको छ:

1. तपाईंको बच्चाको विश्वव्यापी स्क्रिनर र नैदानिक नतिजाहरू;
2. तपाईंको बच्चालाई कुन पठन क्षेत्र(हरू) को विकासमा थप मद्दत चाहिन्छ; र
3. तपाईंको बच्चाको पठन सीप विकासलाई टेवा प्रदान गर्न तपाईंले आफ्नो बच्चासँग घरमै गर्न सक्ने सिकाइ अनुभवहरू ।

त्यसको अतिरिक्त, सिनेट बिधेयक 9 (2022) बमोजिम केन्टकीको सफलताका लागि पठन ऐन, पठन सुधार योजना, घरेलु पठन योजना र विद्यार्थीको सफलतामा परिवारहरूले खेल्ने मुख्य भूमिकाको बारेमा जानकारी प्रदान गरिएको छ । साक्षरता शब्दावलीहरूको सङ्ग्रह र घरमा पढ्ने सम्बन्धी सामान्य सुझावहरू पनि समावेश छन् ।

यस कागजातमा समावेश गरिएको घरेलु सिकाइ अनुभवहरूलाई पठनका पाँच आवश्यक घटकहरू (फोनेमिक जागरूकता, फोनिक्स, धाराप्रवाह पठन, शब्दावली र बोध) मा विभाजन गरिएको छ । तपाईंले आफ्नो बच्चालाई सबैभन्दा बढी मद्दत चाहिने क्षेत्र(हरू) थाहा पाइसकेपछि, तपाईं यस योजनाको त्यस खण्डमा समावेश गरिएका क्रियाकलापहरूमा आफ्नो समय केन्द्रित गर्न तयार हुनुहुने छ । अन्य खण्डहरूमा दिइएका सिकाइ अनुभवहरूमा समय बिताउन पनि प्रोत्साहन गरिन्छ, किनकि दक्ष पठन पाँचवटा क्षेत्रमा सफलता प्राप्त गर्नमा निर्भर हुन्छ ।

केन्टकी शिक्षा विभाग यो घरेलु पठन योजना मार्फत सहयोग प्रदान गर्न तपाईंको बच्चाको विद्यालयका अगुवा र शिक्षकहरूसँग साझेदारी गर्न पाउँदा हर्षित छ । यदि तपाईंसँग यस योजनामा दिइएका जानकारी वा सिफारिस गरिएका सिकाइ अनुभवहरूको बारेमा प्रश्नहरू छन् भने, कृपया आफ्नो बच्चाका शिक्षकलाई सम्पर्क गर्नुहोस् ।

**भवदीय, प्रधानाध्यापक**

# घरेलु पठन योजना

# परिवार गाइड:

## विश्वव्यापी स्क्रिनर र नैदानिक मूल्याङ्कन विवरण

**(शिक्षकले भर्नुपर्ने)**

| | |
|---|---|
| विद्यार्थीको नाम | |
| श्रेणी | |
| शिक्षकको नाम | |
| मिति | |
| पठन सुधार गर्नुपर्ने क्षेत्र(हरू)<br><br>चालु हस्तक्षेपहरू | |
| पूरा गर्ने | |

**विश्वव्यापी स्क्रिनर र नैदानिक मूल्याङ्कन नतिजाहरू**

| मूल्याङ्कनको नाम | मूल्याङ्कनको प्रकार | वर्षको सुरुवाती स्कोर/प्रतिशतक | अर्धवार्षिक स्कोर/प्रतिशतक | वार्षिक स्कोर/प्रतिशतक |
|---|---|---|---|---|
| MAP वृद्धि | **स्क्रिनर** | | | |
| MAP पठन धाराप्रवाह पठन | **डायग्नोस्टिक** | | | |
| | | | | |
| | | | | |

**श्रेणीस्तरीय बेन्चमार्कहरू हासिल नगरेकाले ध्यान दिनुपर्ने क्षेत्र(हरू)**

**(MAP पठन धाराप्रवाह पठनको आधारमा लागू हुने सबैमा चिन्ह लगाउनुहोस् । डाटा संलग्न गर्नुहोस् ।):**

- फोनेमिक जागरूकता
- फोनिक्स
- धाराप्रवाह पठन
- शब्दावली
- बोध

# घरेलु पठन योजना
# परिवार गाइड:

## पठन सुधार योजना भनेको के हो र परिवारहरूले कसरी मद्दत गर्न सक्छन् ?

सन् 2022 मा सफलताका लागि पठन ऐन कानुनमा हस्ताक्षर गरिएको थियो। पठनमा दक्ष कार्यसम्पादन तर्फ प्रगति गर्न द्रुत सिकाइको आवश्यकता सहितको विद्यार्थीको रूपमा पहिचान गरिएको किन्डरगार्टनदेखि कक्षा तीनसम्मका कुनै पनि विद्यार्थीले **पठन सुधार टोलीद्वारा** विकसित र सञ्चालित **पठन सुधार योजना** प्राप्त गर्ने छन्।

पठन सुधार टोलीले पठन सुधार योजनाको विकास गर्दछ र यसको प्रगतिको निगरानी गर्दछ र यसमा निम्न व्यक्तिहरू सामेल हुन्छन्:

- पठन सुधार योजनाको विषय रहेको बच्चाका अभिभावक;
- समान उमेरका साथीहरूका लागि सामान्य पाठ्यक्रमको बारेमा जानकारी प्रदान गर्न बच्चाको कम्तीमा नियमित शिक्षा शिक्षक;
- स्थानीय शैक्षिक एजेन्सीको एक जना प्रतिनिधि, जो पठन पाठ्यक्रम र स्थानीय शैक्षिक एजेन्सीका प्रमाणमा आधारित साक्षरता स्रोतहरूको उपलब्धता बारे जानकार छ; र
- भाषा शिक्षण, शैक्षिक कार्यक्रम वा विशेष शिक्षा सेवाहरू प्राप्त गर्ने बालबालिकाका लागि विद्यालयका कुनै पनि विशेषज्ञताप्राप्त प्रमाणित कर्मचारी।

योजनाको विषय रहेका विद्यार्थीका अभिभावक टोलीको सदस्य हुँदाहुँदै पनि, परिवार तथा अन्य स्याहारकर्ताहरूले पनि बच्चालाई घरमा पठन कौशल वृद्धिमा सहयोग पुऱ्याउन यस गाइडमा बच्चाहरूले कसरी पढ्न सिक्छन् र उपयोगी सिकाइ अनुभवहरू बारे जानकारी अध्ययन गरेर विद्यार्थीलाई टेवा पुऱ्याउन सक्ने छन्।

**पठन सुधार योजनामा** तपाईंको बच्चाको पठनमा हालको उपलब्धिको स्तर, उनीहरूले सबैभन्दा बढी सुधार गर्न सक्ने क्षेत्रहरू र तपाईंको बच्चालाई प्रदान गरिने हस्तक्षेप र सहायता सेवाहरूको विवरण समावेश गरिनुपर्दछ। हस्तक्षेपहरूमा प्रभावकारी शैक्षणिक रणनीतिहरू र बच्चालाई द्रुत प्रगति गर्न सघाउन आवश्यक पर्ने उपयुक्त शैक्षणिक स्रोतहरू समावेश गरिनुपर्दछ। तपाईंको बच्चाको प्रगति डेटा पनि योजनामा समावेश गरिने छ र अभिभावकलाई त्रैमासिक रूपमा उपलब्ध गराइने छ र बच्चाको विद्यमान रिपोर्ट कार्डमा पनि समावेश गर्न सकिने छ। प्रगतिले पठन सुधार टोलीलाई हस्तक्षेपको सफलताको बारेमा सूचित गर्ने छ र तपाईंको बच्चालाई पठन प्रवीणतातर्फ अघि बढ्न मद्दत गर्न शैक्षणिक निर्णयहरू गर्न सहज गराउने छ।

**यो घरेलु पठन योजना** आमाबाबु र पठनमा हस्तक्षेपका लागि पहिचान गरिएका बच्चाका कानुनी अभिभावकहरूलाई प्रदान गरिने छ। यस योजनामा घरमा नियमित रूपमा अभिभावकद्वारा निर्देशित पठन क्रियाकलापहरूमा कसरी भाग लिने भन्ने बारे जानकारी समावेश गरिएको छ। केन्टकी शैक्षिक मानकः अगाडि बढ्ने नयाँ तरिका (A New Way Forward) परिवारहरूका लागि उपलब्ध अर्को स्रोत हो।

# घरेलु पठन योजना

# परिवार गाइड:

## साक्षरता शब्दावली सङ्ग्रह

पठनका 5 अत्यावश्यक अङ्गहरू: यी भनेका सिकाइका ती सम्बन्धित क्षेत्रहरू हुन् जसले कुशल पठनलाई टेवा पुऱ्याउँछन् ।

1. फोनेमिक जागरूकता

   बोलिने शब्दहरूमा हुने हरेक ध्वनिहरू (फोनिमहरू) छुट्याउने, उत्पादन गर्ने, सम्झने र हेरफेर गर्ने क्षमता ।

2. फोनिक्स

   फोनिम र ग्राफिमहरू (फोनिमहरू प्रतिनिधित्व गर्ने अक्षर वा अक्षरहरूको संयोजन) बिच अनुमान गर्न सकिने सम्बन्धहरू र अक्षरहरूको ठूलो ब्लकहरू र शब्दांश वा शब्दका अर्थपूर्ण भागहरू (मोर्फिमहरू) बिचका सम्बन्धहरूको ज्ञान ।

3. धाराप्रवाह पठन

   बोधमा सघाउनका लागि पर्याप्त गति र शुद्धता सहित पाठ पढ्ने क्षमता ।

4. शब्दावली

   पाठमा रहेका हरेक शब्दको अर्थ र ती शब्दहरूले व्यक्त गर्ने अवधारणाहरूको ज्ञान ।

5. बोध

   डिकोडिङ, पृष्ठभूमि ज्ञान र म खिक तर्कशीलताको माध्यमबाट लिखित पाठलाई बुझ्ने र त्यसको अर्थ, विचार र जानकारी बुझ्ने जटिल प्रक्रिया, जुन सबै असल पाठकहरूले पढेका कुरा बुझ्न, सम्झन र सञ्चार गर्नका लागि प्रयोग गर्दछन् ।

**श्रेणीस्तरीय बेन्चमार्कहरू हासिल नगर्ने जोखिममा:**

विश्वव्यापी स्क्रिनिङ र नैदानिक मूल्याङ्कन डेटाद्वारा पहिचान गरिएका पठनका पाँच अङ्गहरूमध्ये कुनै एक वा बढीमा विकास गर्नुपर्ने निश्चित क्षेत्र रहेको । पहिचान गरिएका विद्यार्थीहरूलाई पठनमा द्रुत सिकाइ आवश्यकताहरू सम्बोधन गर्न पठन सुधार योजना मार्फत अतिरिक्त हस्तक्षेपकारी सहायता चाहिन्छ ।

**हस्तक्षेप:**

पठनका पाँच अङ्गहरू (फोनेमिक जागरूकता, फोनिक्स, धाराप्रवाह पठन, शब्दावली र/वा बोध) मा सीपहरू वृद्धि वा सुधार गर्न अतिरिक्त, निश्चित सानो समूहमा वा एकल शिक्षण ।

**संवर्द्धनात्मक कार्यक्रमहरू:**

फोनेमिक जागरूकता, फोनिक्स, प्रवाह, शब्दावली र बोको क्षेत्रको क्षेत्रमा पठन शिक्षणसँग सम्बन्धित प्रमाणमा आधारित पठन शिक्षण कार्यक्रम प्रदान गर्न र KRS 158.6453 बमोजिम र केन्टकी शिक्षा समितिद्वारा जारी गरिएको प्रशासनिक नियममा उल्लेख गरिए अनुसार अनिवार्य गरिएका पठन तथा लेखन मापदण्डहरूसँग पङ्क्तिवद्ध अन्य शैक्षणिक रणनीतिहरू अपनाउन सबैभन्दा योग्य व्यक्तिहरूको नेतृत्वमा स्कुल लाग्ने समयभित्र वा स्कुल लाग्ने समय वा स्कुल पात्रो बाहिर प्रदान गरिने द्रुत हस्तक्षेप ।

**प्रगति अनुगमन:**

हस्तक्षेपका लक्ष्यहरूतर्फ बच्चाको प्रगतिको समय-समयमा गरिने, निरन्तर मूल्याङ्कन ।

**पठन नैदानिक मूल्याङ्कन:**

पठनका आवश्यक अङ्गहरूमा स्थापित कार्यसम्पादन स्तरहरूको तुलनामा विद्यार्थीका क शलहरू मापन गर्ने र पठनमा दक्ष कार्यसम्पादन तर्फ विद्यार्थीको प्रगतिलाई गति दिन ती अङ्गहरूमध्ये कम्तीमा एउटामा हस्तक्षेप आवश्यक पर्ने विद्यार्थीहरूलाई पहिचान गर्ने एक मूल्याङ्कन ।

**विश्वव्यापी स्क्रिनर:**

पठनका आवश्यक अङ्गहरूमा बच्चाको कार्यसम्पादन मूल्याङ्कन गर्न श्रेणी तहभित्रका सबै विद्यार्थीहरूको संक्षिप्त मूल्याङ्कन गर्ने प्रक्रिया ।

## घरमा पढ्नका लागि सामान्य सुझावहरू

- दिनभर पढ्नका लागि थप समय मिलाउनुहोस् र घरमा, झोलामा वा गाडीमा पुस्तकहरू उपलब्ध हुने व्यवस्था मिलाउनुहोस्। आफ्नो बच्चासँग प्रतिदिन 20 मिनेट पढ्दा दिगो सकारात्मक नतिजा आउन सक्छ।



- तपाईंले पढ्दा शब्दहरूसँगै आफ्नो औँला दौडाउनुहोस्।
- तपाईंको बच्चाले कुनै शब्द गलत पढ्दा ती शब्दहरू मिल्न खोजेका र ती शब्दहरूको समान अर्थहरू लाग्ने भए पनि बिस्तारै सच्याउनुहोस्। उदाहरणका लागि, बच्चाले "home" को सट्टा "house" वा "mom" को सट्टा "mother" भनेर पढ्न सक्छन्। "एक-एक अक्षर हेर र यो शब्द फेरि पढ त" जस्ता वाक्यांशहरू प्रयोग गर्नुहोस्।
- पढ्नका लागि स्कुल सुरु गरेको, दन्त चिकित्सककहाँ गएको वा घरपालुवा जनावरहरूको हेरचाह गरेको जस्ता तपाईंको बच्चाको जीवनमा हुने घटनाहरू वा उनीहरूले रुचि राखेका विषय वा गतिविधिहरू सम्बन्धी पुस्तकहरू छनोट गर्नुहोस्। पढेको पाठबाट तपाईंमा के विचार आयो भन्ने कुरा एक-अर्कालाई बताएर पठनसँग सम्बन्ध बनाउनुहोस्।
- आफ्नो बच्चालाई पढिरहेको पाठको बारेमा प्रश्नहरू सोध्न भन्नुहोस् र प्रोत्साहित गर्नुहोस्। अब के होला जस्तो लाग्छ ? के तपाईंको भविष्यवाणी सही थियो ? कथा तपाईंको भविष्यवाणीसँग मेल खायो कि खाएन वा यो कसरी फरक भयो ? यो पात्रदेखि कस्तो लाग्यो ? तपाईंले के पढेर यस्तो सोचाइ आयो।
- सुरु, मध्य र अन्त्यमा के भयो भनी सोधेर कथाहरू फेरि सुनाउने अभ्यास गर्नुहोस्। प्रत्येक भाग पढिसकेपछि रोकिनुहोस् र अहिलेसम्म के भयो, समीक्षा गर्नुहोस्। आकर्षक लेखहरूका लागि आफ्नो बच्चाको Clever एप मार्फत Gale र KY भर्चुअल पुस्तकालयमा जानुहोस्।
- आवाज ननिकालीकन पढ्नु भविष्यमा कक्षागत सफलताका लागि महत्त्वपूर्ण सीप भए पनि, बेन्चमार्कहरू हासिल नगर्ने जोखिममा रहेका विद्यार्थीहरूलाई आवाज ननिकाली पढ्दा स्याहारकर्ताबाट संरचना र सहायता चाहिन्छ। तपाईंको बच्चालाई आवाज ननिकाली पढ्ने अभ्यास गर्नु अघि ठूलो स्वरमा पढ्न लगाउनुहोस्।



- आफैँ गएर वा भर्चुअल माध्यमबाट पुस्तकालयहरू भ्रमण गर्नुहोस्! तपाईंको नजिक रहेका सार्वजनिक पुस्तकालय कसरी फेला पार्ने भन्ने बारे जानकारीका लागि, लुइसभिल फ्री पब्लिक लाइब्रेरी पृष्ठमा जानुहोस्।
- पाठ भनेको सन्देश सञ्चार गर्ने कुनै पनि माध्यम हो भन्ने कुरा बुझ्नुहोस्। उदाहरणहरूमा वास्तविक वा बनाइएका कथा बताउने पुस्तकहरू, पोस्टर, गीत, भाषण, कलाकृतिहरू, खेलौनाहरूका लागि निर्देशनहरू र सडकमा हुने सङ्केतहरू लगायत पर्दछन्।
- फोनिक्स अभ्यासका लागि अक्षर टाइलहरू (चुम्बकीय, कागज, प्लास्टिक वा काठ) खरिद गर्नुहोस् वा आफैँ बनाउनुहोस्।
- आफ्नो बच्चाको शिक्षकलाई EL शिक्षा पाठ्यक्रमबाट घरमा गरिने ELA क्रियाकलापहरूको बारेमा सोध्नुहोस्।

फोनेमिक जागरूकता भनेको बोलिने शब्दहरूमा हुने हरेक ध्वनिहरू (फोनिमहरू) छुट्याउने, उत्पादन गर्ने, सम्झने र हेरफेर गर्ने क्षमता हो।

फोनेमिक जागरूकता कौशलहरू विकास गर्नका लागि बच्चाले नपढी वा नलेखीकन ध्वनि सुन्न र त्यसैमा खेल्नुपर्ने हुन्छ, तर यसले पठन र हिज्जे विकासलाई टवा पुऱ्याउँछ।2 यस खण्डका क्रियाकलापहरूमा शब्द पठन वा लेखन समावेश हुने छैन। त्यसको सट्टा, तपाईंको बच्चाले बोलिएका शब्दहरूमा सुनिने आवाजहरूमा ध्यान केन्द्रित गर्ने छन् र शब्दहरूको सुरु, बिच र अन्त्यमा सुनिने आवाजहरूमा ध्यान दिएर शब्दहरू उच्चारण गर्ने अभ्यास गर्ने छन्। कुशल पठनलाई टेवा पुऱ्याउन **प्रति दिन 5-10 मिनेट** आवाजको अभ्यास गर्न सिफारिस गरिन्छ।

यस गाइडमा समावेश गरिएका फोनेमिक जागरूकता क्रियाकलापहरूलाई दुई खण्डमा विभाजन गरिएको छ: निम्न क्षेत्रहरूमा तपाईंको बच्चाका सीपहरू विकास गर्नका लागि प्रारम्भिक क्रियाकलापहरू: क्रियाकलापहरू र थप चुनौतीपूर्णबाट क्रियाकलापहरू:

- अन्त्यानुप्रास मिलाउने;
- शब्दांशहरूको गणना गर्ने;
- एकल रूपमा र शब्दहरूमा आवाज पहिचान गर्ने;
- शब्दहरूमा आवाजहरू थप्ने, हटाउने र प्रतिस्थापन गर्ने;
- शब्दहरूलाई तिनका फरक-फरक आवाजहरूमा टुक्र्याउने र तिनलाई एकसाथ मिलाउने; र
- आवाजहरूलाई अलग्याउने।

## फोनेमिक जागरूकता क्रियाकलापहरू

**प्रारम्भिक क्रियाकलापहरू:**

तपाईंको बच्चाका शिक्षकले यस प्रकारका क्रियाकलापहरूलाई "प्रारम्भिक फोनेमिक जागरूकता क्रियाकलापहरू" भनेर सम्बोधन गर्न सक्छन् किनभने तिनले फोनेमिक जागरूकताका लागि जग बसाल्छन्। यी क्रियाकलापहरूले तपाईंको बच्चालाई उनीहरूको ध्यान शब्दहरूभित्रका भाषा, ध्वनि र अक्षरहरूमा आकर्षित गर्नका लागि भाषासँग खेल्न अनुमति दिन्छ (जसलाई वर्डप्ले भनेर चिनिन्छ)। तपाईंले यस खण्डमा, साथै केही फोनिक्स खण्डमा वर्णहरू अघि र पछि स्ल्यासहरू देख्नुहुने छ। तपाईंले यो देख्नुभयो भने, अक्षरको नाम भन्दा पनि अक्षर ध्वनि उच्चारण गर्नुहोस्। उदाहरणका लागि, जब तपाईं /m/ देख्नुहुन्छ, "m" अक्षरको सट्टा "m" अक्षरले बनाउने आवाज उच्चारण गर्नुहोस्। यी क्रियाकलापहरू सबैभन्दा कम चुनौतीपूर्णदेखि सबभन्दा बढी चुनौतीपूर्णसम्म मिलाइएको छ। तपाईंको बच्चाका शिक्षकले विशेष क्रियाकलापहरू सिफारिस गर्न सक्छन् वा तपाईंले दिइएको क्रममा क्रियाकलापहरू पूरा गर्न सक्नुहुन्छ। क्रियाकलापहरू दोहोऱ्याउन प्रोत्साहन गरिन्छ।

**अन्त्यानुप्रास मिलाउने**

- अन्त्यानुप्रासहरू अन्तमा उस्तै सुनिने शब्दहरू हुन् भनेर व्याख्या गर्नुहोस्। केही उदाहरणहरू दिनुहोस्: sit/bit, bad/mad, sister/mister, kick/pick, chill/will।
- आफ्नो बच्चालाई अन्त्यानुप्रास मिलाउन लगाउनुहोस्। सोध्नुहोस्, "मलाई cake सँग अन्त्यानुप्रास मिल्ने शब्द बताउन सक्छ ?" (rake, sake, lake, fake)। अन्त्यानुप्रास मिलाउने अभ्यासका लागि अन्य शब्दहरू: track, pail, man, skip।

**शब्दहरूको सुरुका ध्वनिहरू पहिचान गर्ने**

- वर्णन गर्नका लागि वस्तुहरू वा व्यक्तिहरूको बारेमा सोच्नुहोस्। आफ्नो बच्चालाई वस्तु वा व्यक्तिको जस्तै आवाजबाट सुरु हुने शब्दले वस्तु वा व्यक्तिको वर्णन गर्न भन्नुहोस्।
  उदाहरणहरू: "delicious donut," "bouncy ball," "green grass"
- आफ्नो बच्चालाई परिवार र साथीहरूका लागि मूर्ख नामहरू सोच्न लगाउनुहोस्। नयाँ नामहरू कम्तीमा तीन शब्द लामो हुनुपर्छ र व्यक्तिको नाम जस्तै ध्वनिबाट सुरु हुनुपर्छ।
  उदाहरणहरू: "handsome helpful Javier" वा "creative character Kelly"

# घरेलु पठन योजना
# परिवार गाइड:

**शब्द, ध्वनि र शब्दांशहरू गन्ती गर्ने र तीसँग खेल्ने**

- आफ्नो बच्चालाई तपाईं र उनले पालैपालो वाक्य भन्ने बताउनुहोस् । वाक्यमा रहेका प्रत्येक शब्दवापत अर्को खेलाडीले एक अंक प्राप्त गर्ने छन् । पालैपालो वाक्य बोल्ने र शब्दहरू गन्ने ।
  उदाहरण: “She lives with her older sister and two dogs.” (उनी आफ्नी दिदी र दुई कुकुरहरूसँग बस्छिन् ।) (9 अंक)
- साथीहरू र परिवारका सदस्यहरूको नाममा रहेका शब्दांशहरू गन्ती गर्ने अभ्यास गर्नुहोस् । उदाहरण: Rob-ert (2 शब्दांश), Ket-ur-ah (3 शब्दांश), Lu-ci-a (3 शब्दांश)
- शब्दहरूलाई ध्वनिहरूमा टुक्र्याउने अभ्यास गर्नुहोस् । केही शिक्षकहरूले यसलाई शब्द "तन्काउने" भन्छन् र तपाईंको बच्चाले रबर ब्यान्ड तन्काउँदै अभ्यास गर्न सक्छन् । ध्यान दिनुहोस्, तपाईंको बच्चाले अक्षर नामहरू सहितका शब्दहरू हिज्जे गरिरहेका छैनन्, बरु शब्दमा भएका आवाजहरू बोलिरहेका छन् ।
  उदाहरणहरू: "dog शब्द कुन-कुन आवाज मिलेर बनेको छ ?" (/d/ /ŏ/ /g/) "let शब्द कुन-कुन आवाज मिलेर बनेको छ ?" (/l/ /ĕ/ /t/) "kick शब्द कुन-कुन आवाज मिलेर बनेको छ ?" (/k/ /ĭ/ /k/) "shape शब्द कुन-कुन आवाज मिलेर बनेको छ ?" (sh/ /ā/ /p/) "drum शब्द कुन-कुन आवाज मिलेर बनेको छ ?" (/d/ /r/ /ŭ/ /m/) "snow शब्द कुन-कुन आवाज मिलेर बनेको छ ?" (/s/ /n/ /ō/)

**थप चुनौतीपूर्ण क्रियाकलापहरू:**

तपाईंको बच्चाका शिक्षकले यस प्रकारका क्रियाकलापहरूलाई "फोनेमिक जागरूकता क्रियाकलापहरू" वा बच्चाहरूलाई शब्दहरूभित्र विभिन्न ध्वनिहरू हेरफेर गर्ने अभ्यास गर्न अनुमति दिने क्रियाकलापहरू भनेर उल्लेख गर्न सक्छन् ।

**ध्वनि पहिचान र मिश्रण गर्ने**

- शब्दहरूमा एक-एक आवाज सुन्न अभ्यास गर्नुहोस् । यसो भन्नुहोस्, "यो शब्द म भन्छु,  तिमी दोहोर्‍याऊ: Set ।” (Set) “पहिलो आवाज कुन हो ?” (/s/) “बिचको आवाज कुन हो ?” (/ĕ/) “अन्तिम आवाज कुन हो ?” (/t/)
  अभ्यास गर्नका लागि 3 वटा ध्वनी भएका शब्दहरू: mat, tub, did, pot, sip, bed, kit
  Words to practice with 4 sounds: stake, sled, Fred, plum, drip, flat
- आफ्नो बच्चालाई एक-एक आवाजहरू छुट्टाछुट्टै दिएर तिनलाई ध्वनिहरू मिलाएर शब्द बनाउन लगाउनुहोस् । उदाहरणहरू: “/l/ /ĕ/ /g/ ध्वनिहरू मिलेर कुन शब्द बन्छ ?” (leg) “/c/ /r/ /ŏ/ /p/ ध्वनिहरू मिलेर कुन शब्द बन्छ ?” (crop) “/sh/ /ū/ ध्वनिहरू मिलेर कुन शब्द बन्छ ?” (shoe) “/m/ /ē/ ध्वनिहरू मिलेर कुन शब्द बन्छ ?” (me)

**ध्वनि प्रतिस्थापन गर्ने र हटाउने**

- शब्दहरूमा सुरुवाती र अन्तिम ध्वनिहरू प्रतिस्थापन गर्ने अभ्यास गर्नुहोस् । यसो भन्नुहोस्, "एउटा मात्र आवाज परिवर्तन गरेर केही नयाँ शब्दहरू बनाउन सक्छ ँ कि हेर ँ है त । यदि मैले bat मा /b/ लाई हटाएर /r/ राख्य ँ भने, नयाँ शब्द कुन बन्छ ?” (rat)
  उदाहरणहरू: यदि मैले wag मा /w/ लाई हटाएर /t/ राख्य ँ भने, नयाँ शब्द कुन बन्छ ?” (tag) यदि मैले shell मा /l/ लाई हटाएर /f/ राख्य ँ भने, नयाँ शब्द कुन बन्छ ?” (chef) यदि मैले poodle मा /p/ लाई हटाएर /n/ राख्य ँ भने, नयाँ शब्द कुन बन्छ ?” (noodle) यदि मैले witch मा /w/ लाई हटाएर /n/ राख्य ँ भने, नयाँ शब्द कुन बन्छ ?” (win) यदि मैले race मा /s/ लाई हटाएर /z/ राख्य ँ भने, नयाँ शब्द कुन बन्छ ?” (rays)
- शब्दहरूबाट ध्वनि हटाउने अभ्यास गर्नुहोस् ।
  उदाहरणहरू: "/pō/ विना potato भन्नुहोस् ।" (tato) "/s/ विना stop भन्नुहोस् ।" (top) "/p/ विना peas भन्नुहोस् ।" (ease) "/t/ विना sheet भन्नुहोस् ।" (she)

फोनिम र ग्राफिमहरू (फोनिमहरू प्रतिनिधित्व गर्ने अक्षर वा अक्षरहरूको संयोजन) बिच अनुमान गर्न सकिने सम्बन्धहरू र अक्षरहरूको ठूलो ब्लकहरू र शब्दांश वा शब्दका अर्थपूर्ण भागहरू (मोर्फिमहरू) बिचका सम्बन्धहरूको ज्ञान ।

फोनिक्स शिक्षणको उद्देश्य अक्षर र तिनले बनाउने ध्वनिहरू बिचको सम्बन्धको बारेमा बुझाउनु हो ताकि पाठकले उनीहरूलाई शब्दहरू उच्चारण गर्न आवश्यक पर्ने सीपहरू पाउने छन् । शब्दहरू उच्चारण गर्नुलाई **शब्द डिकोडिङ गर्नु** पनि भनिन्छ । तपाईंको बच्चाले शब्दहरू छिटो-छिटो सही ढङ्गले शब्द उच्चारण (वा डिकोड) गर्न सक्षम भइसकेपछि, उनीहरूसँग सुदृढ फोनिक्स कौशल हुन्छ ।

बालबालिकाले प्रत्यक्ष शिक्षण र अभ्यासको माध्यमबाट सबल फोनिक्स कौशलहरू विकास गर्दछन् ।4 सबल फोनिक्स कौशलहरूले विद्यार्थीलाई पृष्ठमा भएका शब्दहरूले के भन्छन् भनी पत्ता लगाउनुको सट्टा शब्दहरूले के भनिरहेका छन् (तिनको अर्थ) बारे सोच्न बढी समय खर्च गर्न सक्ने छन् ।

यस गाइडमा भएका फोनिक्स क्रियाकलापहरूले तपाईंको बच्चालाई निम्न कुराहरूको बुझाइ र कौशलहरू विकास गर्न मद्दत गर्ने छन्:

- अक्षरहरूले कसरी आवाजलाई प्रतिनिधित्व गर्दछन्;
- अक्षर र तिनको आवाज बिचको सम्बन्ध कसरी अनुमान गर्न सकिन्छ;
- कहिलेकाहीँ दुई वा बढी अक्षरहरू एकसाथ मिलेर कसरी एउटा मात्र ध्वनि बन्छ;
- अनुमानित प्याटर्नहरूले स्वर ध्वनिहरू कसरी निर्धारण गर्दछन्;
- प्रायः दुई वा बढी स्वरहरू मिलेर कसरी एउटा लामो वा छोटो ध्वनि बनाउँछन्;
- कहिलेकाहीँ दुई स्वरहरू मिलेर कसरी नयाँ स्वर ध्वनि बनाउँछन्;
- स्वरवर्णपछि R आउँदा यसले कसरी स्वरध्वनि परिवर्तन गर्दछ; र
- लामा शब्दहरू कसरी छोटा शब्दांशहरू मिलेर बनेका हुन्छन् जसलाई एक पटकमा एक-एक भाग उच्चारण गर्न सकिन्छ ।

प्रायः, फोनिक्स कठिन लाग्ने विद्यार्थीहरूले ध्वनिको बारेमा थप अभ्यास गर्नुपर्ने हुन्छ । आवश्यक परेमा, आवाजहरू बुझ्न र हेरफेर गर्नमा केन्द्रित क्रियाकलापहरूका लागि यस गाइडको फोनेमिक जागरूकता खण्ड प्राप्त गर्न आफ्नो बच्चाका शिक्षकलाई सम्पर्क गर्नुहोस् वा माग्नुहोस् ।

## फोनिक्स क्रियाकलापहरू

यी क्रियाकलापहरू लगभग सबैभन्दा कम चुनौतीपूर्णदेखि सबैभन्दा चुनौतीपूर्ण मिलाएर राखिएको छ । तपाईंको बच्चाका शिक्षकले विशेष क्रियाकलापहरू सिफारिस गर्न सक्छन् वा तपाईंले दिइएको क्रममा क्रियाकलापहरू पूरा गर्न सक्नुहुन्छ । क्रियाकलापहरू दोहोर्‍याउन प्रोत्साहन गरिन्छ ।

**अक्षरहरूले आवाजको प्रतिनिधित्व गर्दछन् ।**

- एउटा अक्षर छनोट गर्नुहोस् र तपाईंको बच्चालाई उक्त अक्षर ध्वनिबाट सुरु हुने पाँचवटा वस्तुहरू खोज्न लगाउनुहोस् । यदि लक्षित ध्वनि /m/ हो भने बच्चाले mat, mom, money र microwave भेट्टाउन सक्छन् । प्रत्येक वस्तु फेला परेपछि, आफ्नो बच्चालाई अक्षर m लेख्ने र वस्तुको नाम भन्ने अभ्यास गराउनुहोस् ।
- चुम्बकीय अक्षर टाइलहरू फ्रिजमा राख्नुहोस् । खाना तयार गर्दा अक्षरको नाम वा अक्षरको आवाज उच्चारण गर्नुहोस् र आफ्नो बच्चालाई तपाईंले उच्चारण गर्नुभएको अक्षर वा आवाजसँग मिल्ने चुम्बक फ्रिजबाट हटाउन लगाउनुहोस् ।
- तपाईंको बच्चालाई रोल आउट गर्न र विभिन्न अक्षरहरूको आकार बनाउन खेल्ने क्ले प्रयोग गर्न लगाउनुहोस् । अक्षरहरूको नाम वा आवाज उच्चारण गर्नुहोस् र तिनले अक्षर आकारहरू बनाएको हेर्नुहोस् ।



# घरेलु पठन योजना
# परिवार गाइड:

**अक्षर र तिनको आवाज बिचको सम्बन्ध अनुमान गर्न सकिन्छ।**

*यी क्रियाकलापहरूमा bat, ham, sun वा lip जस्ता एकल शब्दांश शब्दहरू पढ्ने र लेख्ने अभ्यास गरिन्छ।*

• शब्दको मध्यम र अन्तिम ध्वनिहरू प्रतिनिधित्व गर्न सँगसँगै दुई चुम्बकीय अक्षरहरू सँगसँगै प्रयोग गरी शब्द परिवार प्याटर्नहरू बनाउनुहोस् । आफ्नो बच्चालाई शब्दहरू बनाउन सुरुमा थप्न सकिने एकल अक्षरहरूको बारेमा सोच्न लगाउनुहोस् । आफ्नो बच्चालाई ठूलो स्वरले पढ्न लगाउनुहोस् र नयाँ शब्द बनाउनु अघि उनीहरूले बनाएको शब्द लेख्नुहोस् ।

उदाहरण: यदि अन्तिम शब्द परिवार प्याटर्न "op" छ भने, o र p चुम्बकहरू छनोट गर्नुहोस् र mop बनाउन सुरुमा अक्षर m थप्न सकिन्छ र top बनाउन सुरुमा t थप्न सकिन्छ । बनाउन सकिने अन्य शब्दहरूमा pop, cop, sop, lop पर्दछन् । शब्द परिवारहरू अभ्यास गर्दा बच्चाहरूलाई पढ्न र लेख्नका लागि nop, rop र yop जस्ता बनाइएका (कृत्रिम) शब्दहरू पनि रमाइला हुन्छन् ।

• तलका सूचीहरूमध्ये कुनै एक प्रयोग गरेर, साना-साना वर्गाकार कागज वा स्टिकी नोटहरूमा शब्दहरू बनाउने अक्षरहरू लेख्नुहोस् । पहिलो क्रियाकलापका लागि, प्रति वर्गाकारमा एक अक्षर लेख्नुहोस् । दोस्रो क्रियाकलापका लागि, प्रत्येक वर्गमा लेख्नका लागि तलकामध्ये कुनै एक अक्षर समूहबाट सुरुका अक्षरहरू छनोट गर्नुहोस् र अर्को वर्गाकारमा उही समूहबाट अन्तिम अक्षरहरू लेख्नुहोस् । तपाईंले बनाउनुभएका अक्षर कार्डहरू प्रयोग गरेर आफ्नो बच्चालाई शब्दहरू सिर्जना गर्न मद्दत गर्नुहोस् । पहिलो क्रियाकलापका लागि, आलापालो सुरुवाती र अन्तिम अक्षर दिने र आफ्नो बच्चालाई बिचको अक्षर दिन लगाउने अनि त्यसपछि बिचको अक्षर दिने र बच्चालाई शब्द बनाउन सुरु र अन्तिम अक्षर दिन लगाउने गर्नुहोस् । दोस्रो क्रियाकलापका लागि, कहिलेकाहीँ सुरुको अक्षर दिनुहोस् र आफ्नो बच्चालाई तपाईंलाई अन्तिम अक्षर दिन अनि कहिले-कहिले अन्तिम अक्षर दिनुहोस् र बच्चालाई सुरुको अक्षर दिन भन्नुहोस् ।

क्रियाकलाप #1, सूची #1: b, a, t, r, e, d, s, u, n, l, i, p, c, u (bat, red, sun, lip, cup, sit)

सूची #2: t, i, p, l, e, r, u, n, o, b, c (tip, let, run, pin, rob, cop)

सूची #3: s, e, t, n, l, p, r, i, h, a, m, o (set, nip, rip, ham, tan, pop)


क्रियाकलाप #2, सूची #1: सुरुका अक्षरहरू – l, s, t; अन्तिम अक्षरहरू – op, it, et (sit, set, sop, lit, top)

सूची #2: सुरुका अक्षरहरू – c, p, r; अन्तिम अक्षरहरू – at, up, un (pat, pun, cup, cat, run) सूची #3:

सुरुका अक्षरहरू – c, d, t; अन्तिम अक्षरहरू – en, ot, an (den, ten, cot, dot, can)

यी क्रियाकलापहरूमा clot, trim, slap, rust जस्ता अलिक लामा एकल शब्दांश शब्दहरू पढ्ने र लेख्ने अभ्यास गरिन्छ । यी शब्दहरूमा सुरुका वा अन्तिम अक्षरहरू एकसाथ जोडिन्छन् र दुवै अक्षर ध्वनिहरू सुन्न सकिन्छ । यी अक्षर संयोजनका केही उदाहरणहरूमा cl, tr, sl र st पर्दछन् । तिनलाई **मिश्रण** भनिन्छ ।

**कहिलेकाहीँ दुई वा बढी अक्षरहरू सँगै जोडिँदा एउटा मात्र ध्वनि बन्छ।** *एकसाथ जोडिने तर एकमात्र आवाज निस्कने अक्षरका उदाहरणहरूमा sh, ch, th र tch पर्दछन् । यसलाई डाइग्राफ (2 अक्षर) र ट्राइग्राफ (3 अक्षर) भनिन्छ ।*




• हपस्कच बनावट कोर्नका लागि साइडवाक चक प्रयोग गर्नुहोस् । हरेक बाकसमा, एउटा अक्षर लेख्नुहोस् । दुई वटा तेर्सो (क्रसबार) भएका वर्गाकारहरूमा, तलको सूचीमा रहेका अक्षरहरू लेख्नुहोस् । तपाईंको बच्चा वर्गाकारमा उफ्रँदा, तिनलाई अक्षरको नाम र अक्षरले बनाउने आवाज भन्न लगाउनुहोस् । तपाईंको बच्चा क्रसबारमा उफ्रँदा, उनलाई बायाँ बाकसमा रहेको अक्षरको नाम भन्न लगाउनुहोस्, त्यसपछि दायाँ बाकसमा रहेको अक्षरमा हाम फाल्न र उक्त अक्षरको नाम भन्न लगाउनुहोस् । अन्तमा अक्षरहरू सँगै पढ्दा निस्कने आवाज निकाल्न लगाउनुहोस् ।

बाकसहरूमा राख्ने अक्षरका उदाहरणहरू: b, d, f, j, k, m, p, r, s, t, w

क्रसबारहरूमा राख्ने अक्षरका उदाहरणहरू: ch, kn, ph, sh, th, wh, wr, ck

# घरेलु पठन योजना

# परिवार गाइड:

**कहिलेकाहीँ दुई स्वरवर्णहरू मिलेर नयाँ ध्वनि बनाउँछन्।**

*यस्तो स्वरवर्ण संयोजनलाई डिफ्थोङ भनिन्छ (यस शब्दमा "ph" /f/ ध्वनि छ)। अङ्ग्रेजी भाषामा सबैभन्दा धेरै संख्यामा पाइने दुईवटा उदाहरणहरू छन् र ती हुन्: coin वा boil मा जस्तै /oi/ र loud वा now मा /ou/। यस प्रकारका स्वरहरू भएका अन्य शब्दका उदाहरणहरूमा oil, toil, out र bout पर्दछन्।*

• यस क्रियाकलापका लागि नोटकार्ड वा वर्गाकार कागज र तल सिफारिस गरिएको अक्षर समूह प्रयोग गर्नुहोस्। अक्षरहरूको एक समूह छनोट गर्नुहोस्। प्रत्येक अक्षर छुट्टाछुट्टै नोटकार्ड वा वर्गाकार कागजमा लेख्नुहोस्। कार्डहरू आफू र आफ्नो बच्चाको बिचमा राख्नुहोस्। एकसाथ, कार्डहरूमा लेखिएका अक्षरहरू पढ्नुहोस् र प्रत्येक कार्डमा भएका अक्षरहरूले जनाउने ध्वनि अभ्यास गर्नुहोस्। अब, पालैपालो अक्षरहरू प्रयोग गरेर शब्दहरू निर्माण गर्नुहोस्। तपाईंले यसलाई कसले अक्षरहरूबाट सबैभन्दा बढी शब्दहरू सिर्जना गर्ने भनेर खेलको रूपमा पनि खेल्न सक्नुहुन्छ। प्रत्येक शब्दको एक अंक पाइन्छ। अक्षरहरूको नयाँ सेट प्रयोग गरेर फेरि खेल्नुहोस्।

सेट #1: ow, pr, c, n, fl, er (cow, now, flower, prow)

सेट #2: ou, nd, pr, cl, d, l, r, s, t, p (cloud, loud, proud, round) सेट #3: oi, l, s, t, b, f (oil, soil, toil, boil, foil)

**स्वरवर्णपछि R आउँदा यसले स्वरध्वनि परिवर्तन गर्दछ; र**

*यिनलाई स्वरवर्ण-r संयोजन वा r-नियन्त्रित स्वरवर्णहरू पनि भनिन्छ। r वर्णको कारणले स्वर परिवर्तन हुने शब्दका उदाहरणहरूमा art, torn, march, car, sport, her, burn र first जस्ता शब्दहरू पर्दछन्।*

• यस क्रियाकलापका लागि नोटकार्ड वा वर्गाकार कागज र तल सिफारिस गरिएको अक्षर समूह प्रयोग गर्नुहोस्। अक्षरहरूको एक समूह छनोट गर्नुहोस्। प्रत्येक अक्षर छुट्टाछुट्टै नोटकार्ड वा वर्गाकार कागजमा लेख्नुहोस्। कार्डहरू एउटा बोलमा राख्नुहोस्। आफ्नो बच्चालाई एक पटकमा एउटा कार्ड निकाल्न लगाउनुहोस् र कार्डमा रहेका अक्षर(हरू)बाट बनेको आवाज(हरू) निकाल्नुहोस्। तपाईंको बच्चाले बोलमा कार्ड नसिध्दिन्जेलसम्म एक पटकमा एउटा कार्ड निकालिरहने छन्। उनीहरूले प्रत्येक चोटि नयाँ कार्ड निकाल्दा, उनीहरूले उपलब्ध कार्डहरूबाट नयाँ शब्द निर्माण गर्ने प्रयास गर्दछन्। उनीहरूले बाहिर निकालेका अक्षरहरूबाट सकेसम्म धेरै शब्दहरू निर्माण गर्न प्रोत्साहित गर्नुहोस्। उनीहरूले बनाएका शब्दहरू पढ्न र वर्ण r राखिएको कारणले स्वरवर्णले कसरी फरक आवाज निकाल्छ भनेर ध्यान दिन लगाउन नभुल्नुहोस्।

सेट # 1: (ar शब्दहरू) c, ar, t, sh, ar, p, m, ar, k, f, ar, m

समूह # 2: (er शब्दहरू) h, er, d, g, er, m, cl, er, k, p, er

सेट # 3: (ir शब्दहरू) sh, ir, t, b, ir, d, c, ir, cle, f, ir, st, b, ir, th, day

सेट # 4: (or शब्दहरू) sh, or, t, c, or, n, st, or, y, p, or, t

सेट # 5: (ur शब्दहरू) h, ur, t, t, ur, tle, b, ur, n, p, ur, ple

**लामा शब्दहरू छोटा शब्दांशहरू मिलेर बनेका हुन्छन् जसलाई एक पटकमा एक-एक भाग उच्चारण गर्न सकिन्छ।** *एकभन्दा बढी शब्दांश भएका शब्दहरू पढ्दा र लेख्दा मिश्रित शब्दहरू र उपसर्ग र प्रत्ययहरू भएका शब्दहरू पर्दछन्। यस्ता शब्दका उदाहरणहरूमा rainstorm, landing र retell पर्दछन्।*

• आफ्नो बच्चासँग Scrabble©, Boggle© वा Word Up© जस्ता शब्द निर्माण गर्ने खेलहरू खेल्नुहोस्।

# घरेलु पठन योजना
# परिवार गाइड:

• यस क्रियाकलापका लागि वर्गाकार कागजहरू (नोटकार्डलाई वर्गाकारमा काट्दा राम्रो हुन्छ) र तल दिइएका शब्दांश सेटहरू प्रयोग गर्नुहोस्। एउटा कार्ड वा कागजको टुक्रामा एउटा अक्षर लेख्नुहोस्। तपाईंले रोज्नुभएको शब्द समूहबाट एउटा शब्द पढ्नुहोस् र आफ्नो बच्चालाई शब्दांश कार्डहरू प्रयोग गरेर शब्द निर्माण गर्न लगाउनुहोस्। उनीहरूले प्रत्येक पटक कुनै शब्दांश छनोट गर्दा, उनीहरूलाई कार्ड पढेर सुनाउन लगाउनुहोस्। उनीहरूले पूरै शब्द निर्माण गरिसकेपछि, आफ्नो बच्चालाई भागहरू एक-एक गरी ठूलो स्वरमा उच्चारण गर्न र पूरै शब्द पढ्न लगाउनुहोस्। शब्दले के अर्थ दिन्छ भन्ने बारे कुरा गर्नुहोस् र वाक्यमा शब्द प्रयोग गरेर अभ्यास गर्नुहोस्। आफ्नो बच्चालाई अझै प्रयोग नगरिएका भागहरू प्रयोग गरी थप शब्दहरू बनाउन चुन ती दिनुहोस्।

शब्दांश सेट # 1: (park, look, open, sing, watch, ing, re, un, ed, s, es)
parked/looking/parks/reopening/singing

शब्दांश सेट # 2: (close, trust, heat, block, charge, dis, un, re, ing, s, ing)
disclose/closing/reheat/unblock/charges

शब्दांश सेट # 3: (act, cover, draw, load, make, re, ing, tion, s, dis, un)
action/discover/drawing/unload/making

धाराप्रवाह पठन भनेको बोधमा सघाउनका लागि पर्याप्त गति र शुद्धता सहित पाठ पढ्ने क्षमता हो। यसमा निम्न कुराहरू समावेश छन्:

- स्वतः शब्द पहिचान;
- सही शब्द पहिचान;
- ठूलो स्वरमा पढ्दा अभिव्यक्तिको प्रयोग; र
- मौन रूपमा होस् वा, ठूलो स्वरमा, पढेको कुरा बुझ्ने।

धाराप्रवाह पठन सबल फोनेमिक जागरूकता र फोनिक्स कौशलको परिणामस्वरूप हासिल गर्न सकिन्छ। यदि कुनै विद्यार्थीलाई गति र शुद्धता सहित पढ्न कठिन भइरहेको छ भने, उनीहरूलाई यस गाइडको फोनेमिक जागरूकता र फोनिक्स खण्डहरूमा थप अभ्यासको आवश्यकता पर्न सक्छ। तलका क्रियाकलापहरूमध्ये कुन सर्वोत्तम हुन सक्छ भन्ने कुरा तय गर्न आफ्नो बच्चाको शिक्षकसँग कुरा गर्नुहोस्।

धाराप्रवाह पठन अभ्यास गर्नुको मुख्य लक्ष्य जहिले पनि बच्चाहरूले उनीहरूले पढेका कुरा बुझुन् भन्ने हो।5 जब बच्चाहरूले धाराप्रवाह रूपमा पढ्न सक्छन्, उनीहरूले एक पटकमा एक शब्द डिकोडिङ (पढ्ने) कार्यमा कम ध्यान केन्द्रित गरेर पाठको समग्र सन्देशमा बढी ध्यान केन्द्रित गर्न सक्छन्।

## धाराप्रवाह पठन क्रियाकलापहरू

*यी क्रियाकलापहरूलाई धाराप्रवाह पठनलाई टेवा दिन सक्ने पाँच कोटीहरूमा सङ्गठित गरिएको छ। तपाईंको बच्चाका शिक्षकले विशेष क्रियाकलापहरू सिफारिस गर्न सक्छन् वा तपाईंले दिइएको क्रममा क्रियाकलापहरू पूरा गर्न सक्नुहुन्छ। क्रियाकलापहरू दोहोर्‍याउन प्रोत्साहन गरिन्छ।*

**धाराप्रवाह र अर्थपूर्ण पठन मोडेलहरू सुन्ने**

- आफ्नो बच्चालाई हरेक दिन पढेर सुनाउनुहोस्! जब तपाईं आफ्ना कुनै पनि उमेरका बच्चालाई ठूलो स्वरमा पढेर सुनाउनुहुन्छ, तपाईं धाराप्रवाह रूपमा पढ्दा कस्तो सुनिन्छ भन्ने नमुना प्रदर्शन गरिरहेको हुनुहुने छ।
- तपाईंको बच्चाका लागि अडियो रेकर्डिङहरू सुन्ने र पालना गर्ने अवसरहरू खोज्नुहोस्। YouTube, StoryOnline र स्थानीय पुस्तकालयहरूमा रेकर्ड गरिएका विभिन्न कथाहरू उपलब्ध छन्।
- संवाद पढ्दा उपयुक्त अभिव्यक्ति प्रयोग गर्नुहोस्। उदाहरणका लागि, यदि पात्र पार्कमा जाने बारेमा उत्साहित छ भने, तपाईं उत्साहित आवाजमा बोल्न सक्नुहुन्छ र तपाईंको बच्चालाई पनि पढ्दा भावनाहरू समावेश गर्नका लागि प्रोत्साहित गर्न सक्नुहुन्छ।

**धाराप्रवाह पठन अभ्यासका लागि पुस्तकहरू चयन गर्ने**

- तपाईं जहिले पनि आफ्नो बच्चाका शिक्षकले घर पठाएका र सिफारिस गरेका पुस्तकहरू प्रयोग गर्न सक्नुहुन्छ।
- "दस-औँले नियम" प्रयोग गर्नुहोस्। आफ्नो बच्चालाई पुस्तकालय वा घरमा रहेका पुस्तकहरूमध्येबाट कुनै पुस्तक छनोट गर्न लगाउनुहोस्। उनलाई 1-2 पृष्ठहरू ठूलो स्वरमा पढ्न भन्नुहोस्। यदि तपाईंको बच्चाले 10 मध्ये 1 शब्द छुटाए भने, पुस्तक धाराप्रवाह पठन अभ्यासका लागि उपयुक्त छ। यदि तपाईंको बच्चाले 5 मध्ये 1 शब्द छुटाए भने, पुस्तक तपाईंले ठूलो स्वरले पढ्नका लागि ठिक छ तर तपाईंको बच्चाले धाराप्रवाह पठन अभ्यासका लागि धेरै कठिन हुन सक्छ।

**एकसाथ पढ्ने**

- आफ्नो बच्चासँग इको रिडिङ (आफूले पढेर सुनाउने र बच्चालाई पढ्न लगाउने) अभ्यास गर्नुहोस्। कम परिचित कथा वा पाठ प्रयोग गर्नुहोस् र तपाईंले पढिरहनुभएको पाठसँगै औँला द डाएर थोरै-थोरै शब्दहरू (5-8 शब्दहरू) पढ्नुहोस्। तपाईंले पढिसकेपछि, तपाईंको बच्चालाई तपाईंले भर्खरै पढेको कुरा उही गति र हावभावका साथ पढेर सुनाउन दिनुहोस्।
- सामूहिक पठन (वा शब्दहरू एकसाथ पढ्ने) अभ्यास गर्नुहोस्। तपाईंले धाराप्रवाह पठन मोडेलिङ र आफ्नो बच्चालाई तपाईंको गतिमा पढ्न प्रोत्साहित गर्न सक्नुहुन्छ।
- सायद छिमेकी, हजुरबुबा-हजुरआमा, घरपालुवा जनावर, मन पर्ने खेल ना वा परिवारका कलिला सदस्यहरू लगायत विभिन्न दर्शकहरूलाई पढेर सुनाउनुहोस्। कुनै पाठकले श्रोताहरूलाई ध्यानमा राख्दा, उनीहरूलाई धाराप्रवाह र हावभाव सहित पढ्नुपर्छ भन्ने थाहा हुन्छ।

# घरेलु पठन योजना

# परिवार गाइड:





**दोहोऱ्याएर पढ्ने र पाठलाई टुक्र्याउने**

- एउटै कथालाई धेरै पटक पढ्नुहोस् । कथा बारम्बार दोहोऱ्याएर पढ्दा तपाईंको बच्चालाई उनीहरूले धाराप्रवाह रूपमा पढ्दा शब्दहरू र तिनले निकाल्ने आवाजहरूसँग परिचित हुन मद्दत पुग्छ ।
- छनोट गरिएका वाक्य वा खण्डहरू तपाईंको बच्चासँग एकसाथ दोहोऱ्याएर पढ्नुहोस् । तपाईंको बच्चालाई अनुच्छेद ठूलो स्वरमा पढेर सुनाउनुहोस् र त्यसपछि तपाईंको बच्चालाई उनीहरूले गलत पढेका शब्दहरू डिकोड गर्न मद्दत गर्दै, उनीहरूले गरेका कुनै पनि गल्तीको व्याख्या गर्दै एकसाथ पढ्नुहोस् । त्यसपछि, तपाईंको बच्चालाई शुद्धतामा ध्यान केन्द्रित गरी अनुच्छेद पढेर सुनाउन लगाउनुहोस् । अन्तमा, तपाईंको बच्चालाई धाराप्रवाह पठन र हावभावमा ध्यान दिँदै अनुच्छेद फेरि पढेर सुनाउन लगाउनुहोस् । यसको लक्ष्य निर्वाध र प्राकृतिक ढङ्गले पढ्नु हो ।
- पढेको रेकर्ड गर्नुहोस् । तपाईंको बच्चाले अनुच्छेद पढ्ने अभ्यास गरिसकेपछि, मोबाइल फोन वा अन्य रेकर्डिङ उपकरण प्रयोग गरी पढेको रेकर्ड गर्नुहोस् । तपाईंको बच्चाले आफूले पढेको सुन्न सक्छन् र पुस्तकमा पछ्याउन सक्छन् । तपाईं प्रत्येक पटक रेकर्डिङ गर्दा अझ बृहत्तर बनाउन यो प्रक्रिया एकसाथ दोहोऱ्याउन सक्नुहुन्छ ।
- सिसाकलम प्रयोग गरेर, तपाईंले प्राकृतिक विश्राम सुन्नुभएपछि शब्दहरूको बिचमा रेखा कोर्नुहोस् ।  तपाईंको बच्चालाई पूरै अनुच्छेद पढ्ने अभ्यास गराउनुहोस्, तिनीहरूले पढ्दै गर्दा सिसाकलमका रेखाहरू बिचका शब्दहरूलाई समूहमा राख्नुहोस् ।

  उदाहरण: “From then on, / every afternoon, / as soon has her mother / had left for bingo, / Matilda would toddle / down to the library. // The walk took / only ten minutes / and this allowed her / two glorious hours / sitting quietly / by herself / in a cozy corner / devouring one book after another.” (रोआल्ड डाह्लको Matilda बाट)

**गति बढाउन पढ्ने**

- <u>**भर्खरै अक्षर चिनेका बच्चाहरूका लागि:**</u> ठूला र साना अक्षरहरूको सूचीबाट अक्षरका नामहरू छिटोछिटो भन्ने अभ्यास गर्नुहोस् । यसो भन्नुहोस्, "तिमीले एक मिनेटमा कतिवटा अक्षरहरू भन्न सक्छ , हेरँ है त ।" यसलाई अभ्यासभन्दा पनि खेल जस्तो बनाउन आफ्नो बच्चालाई प्रत्येक पटकको प्रयासमा थप अक्षरहरू पढ्न चुनौती दिनुहोस् ।

  नमूना सूची: H o j L s W t g R p Q a A c x D O

- <u>**कुनै पनि कक्षामा दृश्य शब्दहरू सिकिरहेका बच्चाहरूका लागि:**</u> शब्दहरू स्वतः पहिचान गर्न सक्ने भएपछि धाराप्रवाह पढ्नमा टेवा पुग्दछ । तपाईंले आफ्नो बच्चाको विद्यालयबाट उपलब्ध गराइएको सूचीबाट शब्दहरू पढ्ने अभ्यास गर्न र सूचीलाई हरेक पटक अझ छिटो पढ्ने प्रयास गर्न सक्नुहुन्छ । स्मृति र जोडा मिलाउने खेलहरू खेल्नका लागि शब्दहरूको फ्ल्यासकार्ड बनाउँदा शब्दहरू स्वतः पहिचान गर्नमा सघाउ पुऱ्याउन सक्छ

## शब्दभण्डार भनेको के हो ?

शब्दभण्डार भनेको पाठमा रहेका हरेक शब्दको अर्थ र ती शब्दहरूले व्यक्त गर्ने अवधारणाहरूको ज्ञान हो । यसमा निम्न कुराहरू समावेश छन्:

• पढ्दा वा सुन्दा शब्दहरू बुझ्ने, र

• लेख्दा वा बोल्दा शब्दहरू प्रयोग गर्ने ।

केही शोधकर्ताहरूले किन्डरगार्टनमा प्रवेश गर्ने औसत बच्चाले लगभग 4,000 शब्दहरू जान्ने र 6 कक्षासम्म हरेक वर्ष 800 देखि 1,000 वटासम्म नयाँ शब्दहरू सिक्ने अनुमान गरेका छन् । अन्य शोधकर्ताहरूले बच्चाहरूले प्रत्येक वर्ष 2,000 देखि 3,000 वटासम्म नयाँ शब्दहरू सिक्न सक्ने अनुमान गर्छन् !7 बच्चाहरूले विशेष गरी बारम्बार सुनिरहँदा र नयाँ शब्दहरूसँग प्रयोगात्मक अनुभवहरू सहित घर र विद्यालयमा लगातार नयाँ शब्दहरू सिक्न सक्छन् ।

**द्विभाषी र बहुभाषिक परिवारहरूका लागि नोट:**
**धेरै भाषा बोल्न सक्नु एक सामर्थ्य हो ! यदि तपाईं घरमा अङ्ग्रेजी बाहेक अन्य भाषा बोल्नुहुन्छ भने, तपाईंको बच्चालाई तपाईंको घरमा बोलिने भाषामा धेरै शब्दहरू सिकाउँदा अङ्ग्रेजी शब्दावलीको ज्ञानलाई पनि सबल बनाउँछ । तपाईंको बच्चा घरेलु भाषा(हरू)को शब्दभण्डारमा सबल भए भने उनीहरूको अङ्ग्रेजीको शब्दभण्डार पनि वृद्धि गर्ने छ ।**

## शब्दावली क्रियाकलापहरू

### शब्दभण्डार निर्माण गर्न वार्तालापहरू प्रयोग गर्ने

- खुल्ला प्रश्नहरू वा एक शब्द मात्र जवाफ दिएर नहुने प्रश्नहरू सोध्नुहोस् । खुल्ला प्रश्नहरूले तपाईंको बच्चालाई आफैं सोच्न र आफ्नो विचार व्यक्त गर्ने क शल विकास गर्न प्रोत्साहित गर्दछन् ।

  उदाहरणहरू: हामीले दिनभरि बिताउँदा तपाईंलाई के कुरा मन परेको थियो ? किन ? तपाईंलाई के कुराले _______________ रमाइलो लाग्छ ? (कुनै खेलकुद, क्रियाकलाप, प्रदर्शन, खाना वा ठाउँ राख्नुहोस्) तपाईंलाई के हुन सक्छ जस्तो लाग्छ यदि ... ? तपाईंको विचारमा हामीले कसरी ... गर्नुपर्ला जस्तो लाग्छ ?

- बेलुकीको खाना खाने समयमा वा कारमा यात्रा गर्दा आफ्ना बच्चाहरूसँग कुराकानी गर्नुहोस् । तपाईं जहाँ भए पनि तपाईंले देख्नुभएको कुराको बारेमा सकेसम्म धेरै कुरा गर्नुहोस् । तपाईंको बच्चाले स्कुलमा बिताएको दिनको बारेमा कुरा गर्दा, सप्ताहन्त योजनाहरू वा परिवारका सम्झनाहरूले तपाईंको बच्चाको शब्दभण्डार बढाउन मद्दत गर्न सक्छ ।

### शब्दभण्डार निर्माण गर्न जीवनका अनुभवहरू प्रयोग गर्ने

- तपाईंले देख्नु र सुन्नुभएका शब्दका बालसुलभ परिभाषाहरू दिनुहोस् । उदाहरणको लागि: "विशाल (enormous) शब्दको अर्थ अति ठूलो भन्ने हुन्छ ।" त्यसपछि, उक्त शब्द तपाईंको दैनिक जीवनमा प्रयोग गर्नुहोस्: “Wow! (वा !) Look at that cloud! (त्यो बादल हेर त !) It's enormous! (त्यो कति विशाल छ !)”
- जब तपाईंले घर वा आफ्नो छिमेकमा कुनै वस्तु वा निशाना देख्नुहुन्छ, तपाईं त्यो वस्तु वा निशानासँग सम्बन्धित कति शब्दहरू सम्झन सक्नुहुन्छ, हेर्नुहोस् । यसो भन्नुहोस्, "हामीले railroad (रेलमार्ग) सँग सम्बन्धित कति वटा शब्दहरू भन्न सक्छ ँ, हेर ँ है त ?" (tracks, trains, crossing, cars, horn, wheels, stopped, lights, conductor, engine, caboose)
- भिन्नार्थी शब्दहरू वा उस्तै सुनिने तर फरक अर्थ भएका शब्दहरू सहित खेल्नुहोस् । यसो भन्नुहोस्, “यो रूखलाई हेर । रुखको बाहिरी भागमा हुने काठलाई के भनिन्छ ?” (bark) "bark को अर्को अर्थ के हुन सक्छ ?" (कुकुरले निकाल्ने आवाज)

  अभ्यास गर्ने अन्य भिन्नार्थी शब्दहरू: • Ring (गहना र फोन वा डोरबेलको आवाज) • Flu/flew (एक रोग वा fly को भूतकालिक रूप) • Pain/pane (असुविधा वा झ्यालको सिसा)

# घरेलु पठन योजना

# परिवार गाइड:

**शब्दभण्डार निर्माण गर्न पाठहरू प्रयोग गर्ने**

- तपाईंको बच्चाको रुचिसँग सम्बन्धित विषयहरूको बारेमा थाहा पाउन जानकारीमूलक पाठ्य सामग्रीहरू (गैरकाल्पनिक) पढ्नुहोस्। पढिसकेपछि शब्दहरूको बारेमा कुरा गर्नुहोस् र तिनलाई आफ्नो दैनिक जीवनमा देखाउनुहोस्।
- ठूलो स्वरमा पुस्तक पढ्नु अघि, कुनै पनि चुनौतीपूर्ण वा नयाँ शब्दहरू परिचय गर्नुहोस्। शब्दहरूको अर्थ व्याख्या गर्नुहोस् र आफ्नो बच्चालाई प्रत्येक शब्द उच्चारण गर्न लगाउनुहोस्। पढ्दा, शब्दहरू औँल्याउनुहोस् र तिनको अर्थ फेरि व्याख्या गर्नुहोस्।
- सडक चिन्ह, बिलबोर्ड र अन्य सङ्केत आफ्नो बच्चालाई ठूलो स्वरमा पढेर सुनाउनुहोस्। ती शब्दहरूको अर्थ के हो भन्ने बारेमा कुरा गर्नुहोस्।
- आफ्नो बच्चासँग मन पर्ने चलचित्र र टेलिभिजन कार्यक्रमहरू हेरेर घरमा प्रयोग गर्न सुरु गर्नका लागि ठूलठूला शब्दहरू सुन्ने कुरामा ध्यान केन्द्रित गर्नुहोस्। तपाईंको बच्चासँगको दैनिक कुराकानीमा यी शब्दहरू प्रयोग गर्नुहोस्।

**शब्दभण्डार निर्माण गर्न शब्दका भागहरूको बारेमा सिक्ने**

*यी क्रियाकलापहरू अझ उन्नत किसिमका छन्। शब्दहरूको अर्थ परिवर्तन गर्नका लागि शब्दका भागहरू कसरी एकापसमा मिल्छन् भन्ने कुरा बुझ्ने बच्चाहरूले नयाँ शब्दहरूको अर्थ पढ्न र पत्ता लगाउन सक्छन्।*

तपाईंको बच्चाले विद्यालयमा उपसर्ग र प्रत्ययहरूको बारेमा के सिकिरहेका छन्, त्यसलाई सुदृढ बनाउनुहोस्। **उपसर्गहरू** भनेका शब्दका ती भागहरू हुन् जुन शब्दको सुरुमा राखेपछि यसको अर्थ परिवर्तन गर्दछन्। **प्रत्ययहरू** भनेका शब्दका ती भागहरू हुन् जुन शब्दको अन्त्यमा राखेपछि यसको अर्थ परिवर्तन गर्दछन्।

| अभ्यास गर्नुपर्ने सामान्य उपसर्गहरू | अभ्यास गर्नुपर्ने सामान्य प्रत्ययहरू |
|---|---|
| **dis- (होइन, बाहेक, अनुपस्थित) pre- (पहिले)<br>re- (फेरि, फिर्ता)** | **-s/es (एकभन्दा बढी)<br>-ed (क्रियाका भूतकाल)<br>-tion (कार्य वा अवस्था)** |




- पुस्तकहरू पढ्दा वा तपाईंले सङ्केत वा विज्ञापनहरूमा देख्दा उपसर्ग र प्रत्ययहरू भएका शब्दहरू औँल्याउनुहोस्। हामीले उपसर्ग र प्रत्ययहरू थप्दा शब्दहरूको अर्थ कसरी परिवर्तन हुन्छ भन्ने बारे कुरा गर्नुहोस्।

- मूल शब्द वा act जस्ता शब्दबाट सुरु गर्नुहोस्। आफ्नो बच्चासँग तपाईंले त्यो शब्द प्रयोग गर्न सक्ने सकेसम्म धेरै शब्दहरू लेख्ने अभ्यास गर्नुहोस् र उपसर्ग र प्रत्ययहरूले शब्दको अर्थ कसरी परिवर्तन गर्छन् भनेर छलफल गर्नुहोस्। act बाट, तपाईं react, reacts, reacted, reacting, reaction र reaction लेख्न सक्नुहुन्छ। अन्य मूल शब्द वा अभ्यास गर्नुपर्ने शब्दहरू flect, heat वा inform हुन्।

# घरेलु पठन योजना

# परिवार गाइड:

## बोध भनेको के हो ?

डिकोडिङ, पृष्ठभूमि ज्ञान र मौखिक तर्कशीलताको माध्यमबाट लिखित पाठलाई बुझ्ने र त्यसको अर्थ, विचार र जानकारी बुझ्ने जटिल प्रक्रिया, जुन सबै असल पाठकहरूले पढेका कुरा बुझ्न, सम्झन र सञ्चार गर्नका लागि प्रयोग गर्दछन् ।

बोधका लागि विद्यार्थीहरूमा सुदृढ फोनमिक जागरूकता, फोनिक्स, धाराप्रवाहिता र शब्दभण्डार कौशल मात्र भएर पुग्दैन, विद्यार्थीहरूमा पृष्ठभूमि ज्ञान, वाक्य संरचनाको ज्ञान, विभिन्न पाठहरूको अनुमानहरू गर्ने (नयाँ निष्कर्ष निकाल्ने) क्षमता र ज्ञान पनि हुनु आवश्यक छ ।

**बोध पठनको अन्तिम लक्ष्य हो ।** ती सबै सीपहरूमा निपुण हुनु महत्त्वपूर्ण छ किनभने तिनले गर्दा बालबालिकाकालाई उनीहरूले पढिरहेका कुराहरू बुझ्न र विश्लेषण गर्न आवश्यक आलोचनात्मक सोच र प्रशोधनमा ध्यान केन्द्रित गर्न सक्छन् ।

सबल पठन बोध भएका बालबालिकाहरू:

- आफूले बुझे-नबुझेको ख्याल गर्दछन् र यदि पढेको अर्थ बुझिएन भने पाठ पुन: पढ्छन् वा छलफल गर्दछन्;
- पढ्नुको उद्देश्यको बारेमा जानकार रहन्छन् (नयाँ जानकारी थाहा पाउन, विश्वस्त हुन वा मनोरन्जन प्राप्त गर्न);
- पाठबाट अनुमानहरू गर्दछन् (नयाँ निष्कर्षहरू निकाल्छन्);
- पढ्दै गर्दा आफ्नो दिमागमा जानकारी व्यवस्थित गरेर राख्दछन्; र
- नयाँ जानकारी उनीहरूको विद्यमान ज्ञान वा विश्वाससँग कसरी सम्बन्धित छ वा कसरी तिनलाई परिवर्तन गर्दछ भन्ने बुझ्दछन् ।

## बोध क्रियाकलापहरू

### बोधसम्बन्धी सामान्य सुझावहरू

- विभिन्न जानकारीमूलक तथा साहित्यिक पाठहरू पढ्नुहोस् । **सूचनामूलक पाठ्य सामग्रीहरू** गैर-काल्पनिक हुन्छन् र ती तथ्य, वास्तविक घटना र वास्तविक मानिसहरूमा आधारित हुन्छन् । सूचनामूलक पाठ्य सामग्रीहरूमा जीवनी, ऐतिहासिक विवरण, वैज्ञानिक व्याख्या, गणितीय चार्ट र ग्राफहरू र थप अन्य कुराहरू पर्न सक्छन् । **साहित्य वा साहित्यिक सामग्रीलाई** कहिलेकाहीँ आख्यान भनिन्छ र तिनमा काल्पनिक घटना र मानिसहरू समावेश गरिएको हुन्छ । यी सामग्रीहरूमा कविता, नाटक, लघुकथा, दन्त्यकथा, लोककथा वा उपन्यासहरू पर्न सक्छन् ।
- तपाईंहरू सँगै मिलेर सल्टाउनुहुने दैनिक कामहरूको बारेमा कुरा गर्नुहोस् । आफ्नो दिनको वर्णन गर्दा अनुक्रमण शब्दहरू (first, next, last, finally (पहिलो, अर्को, अन्तिम, अन्तमा)) प्रयोग गर्नुहोस् । उदाहरणका लागि, तपाईंले भन्न सक्नुहुन्छ, "We are going to make three stops. (हामी तीन ठाउँमा जाने छ ँ।) First, we will go to the gas station. (पहिले, हामी ग्यास स्टेसनमा रोकिने छ ँ।) Next, we will go to the bank. (त्यसपछि, हामी बैंक जाने छ ँ।) Finally, we will go to the grocery store. (अन्तमा, हामी किराना पसलमा जाने छ ँ।)"
- बच्चाहरूले छापिएका पुस्तकहरूमा भन्दा आनन्द लिने माध्यमहरूमा जताततै कथाहरू पाइन्छ । चलचित्र, भिडियो, भिडियो गेम वा टेलिभिजन कार्यक्रमको बारेमा छलफल गर्नुहोस्: "मुख्य-मुख्य पात्रहरू/व्यक्तिहरू को-को थिए ? उनीहरूलाई कस्ता-कस्ता समस्याहरू आए ? तिनले ती समस्याहरू कसरी समाधान गर्ने प्रयास गरे ? चलचित्रको सुरुवात कसरी भयो ? कार्यक्रम कसरी समाप्त भयो ?

### पठन क्रियाकलापहरू अघि:

- तपाईंको बच्चालाई शीर्षक पढ्न लगाउनुहोस् र पाठको पूर्वावलोकन गर्न पुस्तकको पाना-पाना हेर्नुहोस् । आफ्नो बच्चालाई उनीहरूले कथाको बारेमा के सोच्छन् भनेर सोध्नुहोस् । **वैकल्पिक संस्करण:** यदि तपाईं सूचनामूलक पाठ्य सामग्रीहरू पढ्दै हुनुहुन्छ भने, तपाईंको बच्चालाई पाठको बारेमा अनुमान गर्न सघाउन पाठ्य सामग्रीहरूका विभिन्न विशेषताहरू (शीर्षक, तस्बिर वा क्याप्सन) हेर्न लगाउनुहोस् ।
- आफ्नो बच्चालाई उक्त विषय वा विचारको बारेमा पहिले नै थाहा भएको कुराको बारेमा छलफल गर्नुहोस् । तपाईंको बच्चाले किताब पढेर के सिक्ने छन् वा के सिक्न चाहन्छन् भनेर उनीहरूलाई सोध्नुहोस् । यस प्रक्रियालाई **उद्देश्य तय गर्ने** भनिन्छ र यसले बोध (बुझाइ) लाई मार्गदर्शन गर्न सक्छ ।
- यदि तपाईं धेरै दिनमा खण्ड-खण्डमा विभाजित पुस्तक पढ्दै हुनुहुन्छ भने, तपाईंको बच्चालाई नयाँ खण्ड सुरु गर्नु अघि पहिले पढेको पुनरावलोकन गर्न भन्नुहोस् । यसो भन्नुहोस्, "हामीले पछिल्लो पटक पढेको कुरा सम्झ । को-को पात्रहरू थिए ? उनीहरूले के हासिल गर्न खोजिरहेका थिए ? कथाको विवरणले हामीलाई तिनको बारेमा के बताउँछ ?" पछिल्लो पटक पढिएको पृष्ठबाट पुन: पढ्नुपर्ने हुन सक्छ ।

# घरेलु पठन योजना

# परिवार गाइड:

## पठन क्रियाकलापहरूको क्रममा:

- तपाईंले आफ्नो बच्चालाई ठूलो स्वरमा पढेर सुनाउँदा, तपाईं के सोच्दै हुनुहुन्छ भन्ने बारे छलफल गर्नुहोस् । यो तपाईंको बच्चालाई पढ्नु भनेको शब्दहरू पत्ता लगाउनु मात्र होइन भन्ने कुरा देखाउने अवसर हो । पुस्तकमा के भइरहेको छ वा पात्रको छनोटको बारेमा तपाईंले के सोच्नुभयो भन्ने विषयमा तपाईंको विचार वर्णन गर्नुहोस् ।
- पढिरहेको कुरा तपाईंको बच्चाले बुझे-नबुझेको जाँच गर्न केही पृष्ठहरू पढिसकेपछि रोकिनुहोस् । who, what, when,where, why र how (को, के, कहिले, कहाँ, किन र कसरी) प्रश्नहरू सोध्नुहोस् । यदि तपाईंको बच्चालाई थाहा छैन भने, पछाडि फर्किनुहोस् र सबल पाठकहरूले केही नबुझेको बेला दोहोऱ्याएर पढ्ने नमूना देखाउन दोहोऱ्याएर पढ्नुहोस् ।
- आफ्नो बच्चालाई पाठमा नभनिएको कुराबाट कसरी अर्थ निकाल्ने भनेर सिक्न मद्दत गर्नुहोस् । कुनै पात्रको ठूलो घटना घट्दा, आफ्नो बच्चालाई पात्रले कस्तो महसुस गर्न सक्छ वा कथामा पहिले नै पात्रले गरेको कुराका आधारमा उसले यसपछि कस्ता कदमहरू चाल्न सक्छ भन्ने बारेमा सोच्न भन्नुहोस् ।
- पाठमा शाब्दिक र लाक्षणिक भाषा देखाउनुहोस् । **शाब्दिकको** अर्थ पाठले यसको अर्थ जे हो त्यही भन्छ जबकि **लाक्षणिक भाषाले** बढाइचढाइ गर्न वा तुलना गर्न सक्छ । उदाहरणका लागि, “पुस्तकले मारियाको झोलाको त ल एक टन भएको बताउँछ । के तिमीलाई साँच्चै यो एक टन नै होला जस्तो लाग्छ त ? किन होला वा किन नहोला ?”
- आफ्नो बच्चालाई उनीहरूले पढिरहेको पुस्तकबाट पात्र, परिवेश वा घटनाहरू कल्पना गर्न प्रोत्साहित गर्नुहोस् । आफ्नो बच्चालाई पाठको विवरण प्रयोग गरेर, उनीहरूले पढ्दापढ्दै के कल्पना गरिरहेका छन् भनेर वर्णन गर्न लगाउनुहोस् ।




## पठन क्रियाकलापहरू पछि:

- तपाईंको बच्चालाई के भयो भनेर **दोहोऱ्याउन** लगाउनुहोस् । आफ्नो बच्चालाई मुख्य पात्र, परिवेश र प्रमुख घटनाका विवरण समावेश गर्न भन्नुहोस् । तपाईंको बच्चालाई सही क्रममा घटनाहरू व्यवस्थित गरी कथा दोहोऱ्याएर भन्न प्रोत्साहित गर्नुहोस् ।
- आफ्नो **पढ्नुको उद्देश्यमा** फर्कनुहोस्: "के तपाईंले थाहा पाउन चाहनुभएको कुरा सिक्नुभयो ?" यदि थाहा पाउनुभएको छैन भने, थप कुरा थाहा पाउनका लागि अनलाइन वा पुस्तकालयमा गई केही अनुसन्धानमा संलग्न हुनुहोस् ।
- पढिसकेपछि, आफ्नो बच्चालाई पाठ्य सामग्रीका केही अंशको बारेमा **राय बनाउन** र पाठबाट उक्त रायलाई भरथेग गर्ने कारणहरू प्रदान गर्न भन्नुहोस्, "के तिमी पात्रको छनोटसँग सहमत छौ ? मलाई त्यो भाग देखाऊ । तिमी किन सहमत छैन ?"
- **पात्रका विशेषता, उत्प्रेरणा, कार्य वा भावनाहरूका** बारेमा प्रश्नहरू सोध्नुहोस्: "तपाईंलाई कुन पात्र दयालु भए जस्तो लाग्यो ? कुन पात्र हैकम चलाउने खालको थियो ? पाठको कुन विवरणले हामीलाई त्यस्तो देखाउँछ ?" यदि तपाईंको बच्चालाई थाहा छैन भने, तपाईंको जवाफ दर्शाउने भाग पुन: पढ्नुहोस् ।
- यो प्रश्न सोधेर क्रमिक सोचलाई प्रोत्साहित गर्नुहोस्, "यदि कथाले निरन्तरता पायो भने, तिमीलाई अब यसपछि के हुन्छ होला **जस्तो लाग्छ** ? कथाको कुन कुराले तिमीलाई यस्तो सोच्ने बनायो ? यस्तो घटनाले पात्रलाई कस्तो असर गर्छ ?”
- आफ्नो बच्चालाई उनीहरूको आफ्नै अनुभव वा विश्वाससँग **जोड्न** मद्दत गर्नुहोस् । यसो भन्नुहोस्, "तिमीले पढेको कथामा तिमीलाई हाम्रो जीवनको कुनै कुराको सम्झना दिलाउने कुनै कुरा छ कि ?"